# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १२, अङ्क ३
(२०८० असार १६ गतेदेखि असोज १३ गतेसम्म)

## कोशी प्रदेसको
# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) कोशी प्रदेश कार्यालय विराटनगरले प्रदेशको मानव अधिकार अवस्थाको स्थितिका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थितिसूचक प्रकाशन गर्दै आएको छ। कोशी प्रदेशका १४ ओटै जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट सङ्कलन गरिएका घटनाहरूको आधारमा ०८० असार १६ गतेदेखि असोज १३ गते सम्मका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ।

बितेको तीन महिनामा कोशी प्रदेशको मानव अधिकारलाई विश्लेषण गर्ने हो भने यस अवधिमा राज्यको नियन्त्रणमा रहेका तीन जना कैदीको मृत्यु भएको छ। कारागारबाट भाग्न खोजेको आरोपमा कारागारका सुरक्षाकर्मी र केही कैदीबन्दीको कुटपिटबाट सङ्खुवासभा कारागारमा दुई जना र मोरङ कारागारमा उपचारका क्रममा एक गरी तीन जनाको मृत्यु भएको छ।

सङ्खुवासभा कारागारमा ०८० साउन २४ गते दुवै जना कैदीको सुरक्षाकर्मी र कैदीबन्दीको निर्मम यातनाका कारण मृत्यु भएको तथ्य इन्सेकले ०८० साउन ३२ गते सार्वजनिक गरेको छ। सरकारी टोलीले ०८० असोज १६ गतेसम्मको अवधिमा छानविन प्रतिवेदन सार्वजनिक नगरेको अवस्थामा इन्सेक कोशी प्रदेश कार्यालय, विराटनगरले ०८० साउन २६ गतेदेखि साउन २८ गतेसम्म स्थलगत अनुगमन गरी पत्रकार सम्मेलनमार्फत निर्मम यातनाका कारण मृत्यु भएको वास्तविकता सार्वजनिक गरेको छ।

तीन महिनाको अवधिमा कोशी प्रदेशमा राज्यबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा पाँच  जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा १ सय ७४ जना गरी कूल १ सय ७९ जना नागरिक पीडित भएका छन्। यस अवधिमा राज्यबाट गिर  तारीका घटनामा एक जना महिला, कुटपिटका घटनामा एक जना महिला, कारागारमा तीन जनाको पुरूषको मृत्यु र एक जना महिला धम्कीको घटनामा पीडित हुनु परेको छ। अन्य पक्षबाट भएका कुटपिटका घटनामा आठ जना पुरूष र ६ जना महिला गरी १४ जना, बाल अधिकारका घटनामा ४० जना, अमानवीय घटनामा दुई जना पुरूष, घाइतेमा चार जना पुरूष, हत्यामा सात जना महिला र सात जना पुरूष गरी १४ जना, धम्कीका घटनामा दुई जना पुरूष र महिला अधिकारका घटनामा ९८ जना

पीडित भएको इन्सेकले अभिलेख गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनामा एक ओटा गाडीमा तोडफोड गरिएको छ।

इन्सेक अभिलेखका आधारमा कोशी प्रदेशमा अन्य पक्षबाट तीन महिनाको अवधिमा बाल अधिकारका घटनामा ४० जना बालबालिका पीडित भए। जसमा वेचविखन प्रयासमा एक जना, बलात्कार घटनामा २८ जना र यौन दुर्व्यवहारका घटनामा ११ गरी ४० जना बालिका पीडित भएका छन्।

महिला अधिकारका घटनामा ९८ जना पीडित भएको इन्सेक अभिलेखमा छ। जसमा घरेलु हिंसाका घटनामा ७६ जना, वहुविवाह घटनामा नौ जना, बलात्कारका घटनामा ११ जना र यौन दुर्व्यवहार घटनामा दुई जना गरी ९८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गरेको छ।

यस अवधिमा इन्सेकले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहित संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि तीनै तहका सरकारलाई नैतिक दवाव दिएको छ। जिल्ला प्रहरी कार्यालय, सुनसरीको हिरासत कक्ष, क्षेत्रीय कारागार, झुम्का सुनसरीको स्थलगत अनुगमन गरी इन्सेकले मानव अधिकार संरक्षणका लागि जोड दिएको छ।

अन्त्यमा इन्सेकले अभिलेखीकरण गरेका तथ्याङ्कहरूलाई दृष्टिगत गरी मानव अधिकार संरक्षण र सम्वर्द्धनका निम्ति राज्यले ठोस, प्रभावकारी र हस्तक्षेपकारी नीति तथा कार्यक्रमहरू अवलम्वन गर्न जरूरी छ। यस दिशामा सबै सरोकारवालाहरूले ध्यान दिन आवश्यक छ।

**सोमराज थापा**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जुलाई–सेप्टेम्बर २०२३)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तारी | १ | | १ | | | | १ |
| घाइते | | | | | ४ | ४ | ४ |
| कुटपिट | १ | | १ | ८ | ६ | १४ | १५ |
| बाल अधिकार | | | | ४० | | ४० | ४० |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| हत्या | | २ | २ | ७ | ७ | १४ | १६ |
| धम्की | | १ | १ | | २ | २ | ३ |
| महिला अधिकार | | | | ९८ | | ९८ | ९८ |
| जम्मा | २ | ३ | ५ | १५३ | २१ | १७४ | १७९ |

# कोशी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० असार १६ गतेदेखि असोज १३ गतेसम्म)

### कारागारमा मृत्यु

**सङ्खुवासभा**

खाँदवारी नगरपालिका-१ स्थित हस्पिटल गेटमा रहेको जिल्ला कारागारमा चोरी मुद्दामा कैद सजाय भुक्तान गरिरहेका सङ्खुवासभाकै मादी नगरपालिका-५ का १९ वर्षीय विनोद तोलाङ्गी र बलात्कार मुद्दामा सजाय भुक्तान गरिरहेका नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते शङ्कास्पद मृत्यु भयो। साउन २४ गते बिहानको राति १ बजेर ३० मिनेट गएको समयमा विनोद र आकाश बलामी आफू बस्ने ब्लकमा रहेको शौचालयको चुकुलभित्रबाट लगाएर रड काटी भाग्ने प्रयास गरेको आरोपमा कारागारका सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारीपछि नियन्त्रणमा लिने क्रममा केही थप्पड हिर्काएको र कारागारभित्र बुझाएको कारागार प्रशासन प्रमुख राजेन्द्र घिमिरेले इन्सेक अनुगमन टोलीलाई बताए। साउन २४ गते बिहान २ बजे कारागारभित्र बुझाइएका विनोद तोलाङ्गी र आकाश बलामी अर्धचेत भएको खबर बिहान ५ बजेर ३० मिनेट गएको समया पुन कारागारबाट प्राप्त भएपछि कारागार आएर दुवै जनालाई उपचारका लागि जिल्ला अस्पताल लगियो। जिल्ला अस्पताल पुऱ्याएको केही समयमा नै दुवै जनाको ज्यान गएको कारागार प्रशासनले जनायो।

साउन २४ गते बिहानको राति १ बजेर ३० मिनेटको समयमा कारागारभित्र कर्मचारीसहित सुरक्षाकर्मीले दुई जनालाई निर्घात कुटपिट गरेको प्रत्यक्षदर्शी खाँदवारी नगरपालिका-१ की ३८ वर्षीया शारदा न्यौपाने बजगाईले इन्सेक प्रतिनिधिसँग बताइन्। जिल्ला कारागारभन्दा झण्डै २० मिटरको दूरीमा घर भएकी प्रत्यक्षदर्शी शारदाले भनिन् "खुट्टामा हान, कुटकुट अझै कुट भन्दै कुटपिट गरेको, मरेमरे, आमाआमा भन्दै चिच्याएको सुनेपछि ट्राफिक प्रहरीलाई खबर दिएको, के हो किन कुटपिट गरेको भनि सोध्दा कारागारको ट्वाइलेटको झ्याल तोडेर भाग्न लागेकाले सजाय दिएको भनेको र भाग्न लागेकालाई अलिअलि सजाय दिए होलान् भन्ने भयो, एकपछि शान्त भयो" बिहान ६ बजे दुई जना कैदीको जिल्ला अस्पतालमा मृत्यु भएको हल्ला फैलिएपछि घटना सार्वजनिक भयो। घटनाका विषयमा साउन २४ गते बिहान ६ बजेर ३० मिनेटमा जिल्ला कारागारबाट फोन आएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले इन्सेक टोली समक्ष बताए।

घटना राति भएको भनिएपनि मलाई बिहान ६ बजेर ३० मिनेटमा मात्र खबर आयो। घटनाका विषयमा साउन २४ गते बिहान ६ बजेर ७ मिनेटमा जिल्ला अस्पतालबाट उपचारका क्रममा दुई जना कैदीको मृत्यु भएको फोन आएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र गोदारले इन्सेक अनुगमन टोलीलाई बताए। आफूलाई बिहान ६ बजे कारागारका दुई जना कैदीको मृत्यु भएको फोन आएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले इन्सेक अनुगमन टोलीलाई बताए। साउन २४ गते बिहान २ बजे घटना भएको भएपनि जिल्ला कारागारबाट आफूलाई अबेर गरी बिहान ९ बजेमात्र भाइ विनोद तोलाङ्गीको उपचारका क्रममा मृत्यु भएको भनेर फोन आएको २८ वर्षीया दिदी भीमा रम्तेलले इन्सेक प्रतिनिधिलाई बताइन्। जिल्लामा आएर पत्रकारसहित शव हेर्न खोज्दा प्रहरीले नदिएपछि पीडित परिवारले मात्र शव हेर्दा गोली गाँठामा किलाले रोपिएको, शरीरभरी जथाभावी कुटपिटका कारण निलडाम भएको, मुखबाट कालो रगत बगेको देखिएकाले प्रहरीले नै कुटपिट गरी हत्या गरी ढिलो गरी खबर दिएको रीता रम्तेलले इन्सेक अनुगमन टोलीलाई बताइन्। घटनापछि तत्काल शवको पोष्टमार्टम गर्ने तयारी गरेपछि पीडित परिवारले शव बुझ्न अस्वीकार गरे।

घटनाको छानविनका लागि साउन २४ गते सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरियो। सोही दिन गृह मन्त्रालयले कारागार व्यवस्था विभागका निर्देशक कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गऱ्यो। छानविन समितिमा नेपाल प्रहरीका डिएसपी कौशलकुमार बुढाथोकी, राष्ट्रिय अनुसन्धानका डिएसपी कुमार बुढाथोकी, कानून अधिृत टुल खड्का र जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाका

प्रशासकीय अधिकृत भोगेन्द्र श्रेष्ठ छन्। छानविन समितिले साउन २६ गतेदेखि साउन २९ गते जिल्लामा घटनाका विषयमा स्थलगत अनुगमन गर्‍यो। छानविन समिति गठन भएको मितिले १० दिनभित्र प्रतिवदेन बुझाउने गरी छानविन गरिएको छानविन समितिका संयोजक कमलप्रसाद पाण्डेले बताए। सोही घटना छानविनका लागि कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरमा एसपी ऋषिराम कँडेलको संयोजकत्वमा ०८० साउन २४ गते चार सदस्यीय प्रदेशस्तरीय छानविन समिति गठन गरियो। समितिको सदस्यमा इन्स्पेक्टर जितेश दाहाल, सई रूद्रबहादुर खड्का र प्रहरी हवल्दार तीर्थ भट्टराइ छन्। सो समितिले साउन २५ गते देखि जिल्लामा घटनाको स्थलगत अनुगमन र अध्ययन गर्‍यो। साउन २५ गतेदेखि साउन २८ गतेसम्म जिल्लामा रहेर घटनाको अनुगमन गरी टोली विराटनगर फर्कियो। घटनाका विषयमा साउन २६ गते जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय छलफल भयो।

केन्द्रीय छानविन समिति संयोजक पाण्डे, प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की, सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरे, मादी नगरपालिकाका मेयर जीवन लिङ्थेप, जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र गोदार, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सङ्खुवासभाका अनुसन्धान अधिकृत उमेश पाण्डे, मृतक विनोद तोलाङ्गीका दाजु प्रकाश तोलाङ्गी, दिदी रीता रम्तेल,आमा खुलमाया तोलाङ्गी, मृतक आकाश बलामीका दाजु रमेश बलामी र छिमेकी नवराज कार्की, नेपाली कांग्रेस सङ्खुवासभाका प्रतिनिधि शेरबहादुर वन, सिर्जन शङ्कर, दलित सङ्घ प्रतिनिधि, मृतक विनोदका छिमेकी नवराज कुडुवाल, कान्छा बलामी, लक्ष्मण लिङथेप, सल्लेन नेपाली, कौशल्या खनाल, निर्मला गुरूङ, नागरिक समाज संयोजक चित्ररेखा कार्की अधिकारी, हरिप्रसाद दाहाल, दर्पण तोलाङ्गी, प्रविन पाँचकोटी, संवन्तराज कोइराला, दुर्गा खनाल, पवित्रा बजगाई, एड्भोकेशी फोरम काठमाण्डौंका कुमारप्रसाद थपलिया, विन्देश दाहाल, नेपाल दलित सङ्घका चक्रबहादु विशुंखे, उत्तम दाहाल, मानव अधिकार शान्ति समाजका लोकदर्शन थापा, जीवनकुमार तोलाङ्गी, राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय विराटनगरका निर्देशक पवनकुमार भट्ट, मानव अधिकार अधिकृत चीरञ्जीवी कोइराला, इन्सेक कोशी प्रदेश प्रमुख सोमराज थापा, प्रलेख अधिकृत पुण्यप्रसाद अधिकारीलगायतको सहभागितामा सर्वपक्षीय छलफल सम्पन्न भयो।

छलफलमा साउन २६ गते पीडितको तर्फबाट प्रहरीमा जाहेरी दिने, जिल्ला अस्पतालको समन्वयमा साउन २७ गते शवको पोष्टमार्टम गर्ने, जाहेरी प्राप्त हुनासाथ तोकिएको व्यक्तिलाई कारबाही अघि बढाउने र सार्वजनिक गर्ने, शवको पोष्टमार्टमपछि पीडित परिवारले शव बुझ्ने र कारागारको घटना भएको हुँदा पीडितलाई क्षतिपूर्तिका लागि पहल गर्ने सहमति भयो।

सहमति बमोजिम साउन २७ गते कारागार सुरक्षाका प्रमुख असई लक्ष्मी चौधरी र कारागार प्रशासक प्रमुख राजेन्द्र घिमिरेविरूद्ध पीडित परिवारले साउन २७ गते प्रहरीमा उजुरी दर्ता गरायो। पीडित परिवारका प्रकाश तोलाङ्गीले यातना र ज्यानसम्बन्धी कसुरमा असई लक्ष्मी चौधरीसमेत र कारागार प्रमुख राजेन्द्र घिमिरेसमेत गरी उजुरी दर्ता गराए। जिल्ला प्रहरी कार्यालयले साउन २७ गते कारागार कार्यालय, सङ्खुवासभा खाँदवारीमा भएको कैदीवन्दीहरूको मृत्यु भए सम्बन्धी घटनाको जानकारी अधिकारिक रूपमा प्रेस रिलिज गरी सार्वजनिक गर्‍यो।

प्रहरीले २० वर्षीय विनोद तोलाङ्गी र २० वर्षीय विकास श्रेष्ठ भनिने आकाश बलामी आफू बस्ने तल्लो तलाको ब्लकको झ्यालको रड काटी भाग्दै गरेको अवस्थामा डिउटीमा रहेका प्रहरीले देखि कराइ कारागार प्रशासनसमेतलाई जानकारी गराइ निजहरूलाई कारागार कम्पाउण्डभित्रै प्रहरीले नियन्त्रणमा लिने क्रममा कुटपिट गर्दा सख्त घाइते भएको प्रहरीले स्वीकार गर्‍यो। साउन २६ गते सर्वपक्षीय भेलामा भएको सहमति अनुसार घटनामा संलग्न भएका १० जना प्रहरीलाई सार्वजनिक नगरिएको र उनीहरूविरूद्ध प्रहरीले उजुरी नलिएको भन्दै साउन २७ गते पीडित परिवारले शवको पोष्टमार्टम गर्न अस्वीकार गरे। जिल्ला अदालतमा साउन २७ गते कारागार सुरक्षाका प्रमुख असई लक्ष्मी चौधरी र कारागार प्रशासन प्रमुख राजेन्द्र घिमिरेविरूद्ध यातना र ज्यान सम्बन्धी मुद्दामा जिल्ला अदालत चैनपुरबाट साउन २८ गतेदेखि लागु हुने गरी पाँच दिनका लागि म्याद थप भएपछि प्रहरीले लक्ष्मी चौधरीलाई सोही दिन गिरफ्तार गर्‍यो। राजेन्द्र घिमिरे सम्पर्कविहीन भएको र खोजी जारी रहेको प्रहरीले जनायो। प्रहरीले घटनामा संलग्न अन्यलाई क्रमश कानुनी कारबाहीमा ल्याउने जनाएपछि कोशी अस्पताल, विराटनगरका विशेषज्ञ डाक्टर आकाश लिम्बूको टोलीले साउन २८ गते शवको पोष्टमार्टम गर्‍यो। साउन २९ गते पीडित परिवारले विनोद तोला ीको मादी नगरपालिका-६ स्थित पिलुवामा खोला र आकाश बलामीको खाँदवारी नगरपालिका-९ मनकामनामा सद्गत गर्‍यो।

दुई जना कैदीको हत्या घटनामा सात जना प्रहरी र आठ जना कैदीविरूद्ध जिल्ला सरकारी वकिलको

कार्यालयमार्फत सरकारी वकिल सन्तोषप्रसाद भण्डारीले ०८० भदौ २२ गते जिल्ला अदालत, चैनपुरमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरे। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम क्षतिपूर्ति, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति मागसहित मुद्दा दर्ता गरियो। मुलुकी अपराध संहिता, २०७४ को दफा ४१, दफा १७७ र दफा १८६ र अपराध पीडित संरक्षण ऐन, ७५ को क्षतिपूर्तिसम्बन्धी व्यवस्था आकर्षित हुने गरी मुद्दा दर्ता गरिएको जिल्ला सरकारी वकिल कार्यालयका वकिल सन्तोषप्रसाद भण्डारीले बताए।

जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासमा ०८० भदौ २७ गतेको थुनछेक बहस सकिएपछि प्रहरी जतिलाई जिल्ला कारागार, धनकुटा र कैदी जतिलाई जिल्ला कारागार, तेह्रथुम पठाउन आदेश भएको जिल्ला अदालतका श्रेस्तेदार रामचन्द्र केसीले बताए। कैदी हत्या घटनामा मोरङको कटहरी गाउँपालिका-१ महेशपुर स्थायी घरभइ जिल्ला कारागार खाँदवारीमा कार्यरत असइ लक्ष्मी चौधरी, इलामको इलाम नगरपालिका-११ स्थायी घर भइ खाँदवारी कारागारमा सुरक्षा गार्डमा कार्यरत २४ वर्षीय सुमन गुरुङ, उदयपुरको त्रियुगा नगरपालिका-१४ स्थायी घर भइ खाँदवारी कारागारमा सुरक्षा गार्डमा कार्यरत २४ वर्षीय दमनसिंह राई, खोटाङको खोटेहा गाउँपालिका-८ कात्तिके स्थायी घर भइ खाँदवारी कारागारमा सुरक्षा गार्डमा कार्यरत प्रहरी हवल्दार राजकुमार श्रेष्ठ, खोटाङको जन्तेढुङ्गा गाउँपालिका-३ स्थायी घर भइ खाँदवारी कारागारमा सुरक्षा गार्डमा कार्यरत २३ वर्षीय प्रहरी जवान मनिष राई, सुनसरीको कोशी गाउँपालिका-५ श्रीपुर स्थायी घर भइ खाँदवारी कारागारमा सुरक्षा गार्डमा कार्यरत २४ वर्षीय प्रहरी जवान पवनकुमार महतो र उदयपुरको लिम्चुङबुङ्ग गाउँपालिका-४ बलाम्ता स्थायी घर भइ खाँदवारी कारागारमा सुरक्षा गार्डमा कार्यरत २३ वर्षीय नुशन राईलाई पुर्पक्षका लागि धनकुटा कारागार पठाइयो।

खाँदवारी नगरपालिका-२ चेवा स्थायी घर भइ जिल्ला कारागारका बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका २८ वर्षीय रामबहादुर कार्की भनिने राम कार्की, खाँदवारी नगरपालिका-९ गैरीगाउँ स्थायी घर भइ जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका २६ वर्षीय अनिश शर्मा कट्टेल, भोजपुरको भोजपुर नगरपालिका-१० भैँसीपङ्खा स्थायी घर भई जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका २८ वर्षीय सचिन्द्र भनिने सचिन राई, मकालु गाउँपालिका-५ सोलाखानी स्थायी घर भइ जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका २३ वर्षीय विक्रम भनिने सुमन सारू मगर, चैनपुर नगरपालिका-३ स्थायी घर भइ जिल्ला कारागारमा डाँकाचोरी कसुरमा कैद भुक्तान गरिरहेका २९ वर्षीय टिकाराम भनिने टिकाराज चौहान, चिचिला गाउँपालिका-४ खारमेली स्थायी घर भइ जिल्ला कारागारमा कर्तव्य ज्यान कसुरमा कैद भुक्तान गरिरहेका ४० वर्षीय नवीनकुमार राई, खाँदवारी नगरपालिका-६ तल्लो पाङ्गठा स्थायी घर भइ जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका ४१ वर्षीय इन्द्रध्वज घिमिरे र मादी नगरपालिका-५ वेतिनी स्थायी घर भइ जिल्ला कारागारमा बलात्कार कसुरमा कैद भुक्तान गरिरहेका २१ वर्षीय मीन तामाङ भनिने मीनबहादुर तामाङलाई पुर्पक्षका लागि तेह्रथुम कारागार पठाइयो। दुई जना कैदीको हत्या घटनाका आरोपित १५ जनासँग ०८० भदौ २६ गते बयान सकिएपछि भदौ २७ गतेको थुनछेक बहस आरोपितहरुलाई पुर्पक्षमा पठाइएको अदालतका श्रेस्तेदार रामचन्द्र केसीले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ। गृहमन्त्रालयद्धारा गठित समितिले ०८० असोज १७ गतेसम्म घटनाको स्थलगत प्रतिवेदन सार्वजनिक गरेन। इन्सेकले ०८० साउन ३२ गते पत्रकार सम्मेलन गरी दुई जना कैदीको मृत्यु सुरक्षाकर्मी र कैदीबन्दीको निर्मम यातनाका कारण भएको सार्वजनिक गरेको थियो।

**मोरङ**

जिल्ला कारागार मोरङमा पुर्पक्षका लागि थुनामा रहेका पथरीशनिश्चरे नगरपालिका-३ का ६८ वर्षीय दलबहादुर दमाईको ०८० असार २७ गते मृत्यु भयो । कर्तव्य ज्यान मुद्दामा पुर्पक्षका लागि कारागारमा रहेका दलबहादुरको उपचारका क्रममाा कोशी अस्पतालमा मृत्यु भएको कारागारका जेलर कृष्ण खड्काले बताए। स्वास्थ्यमा समस्या देखिएपछि ०८० असार २७ गते कोशी अस्पतालमा उपचारका लागि भर्ना गरिएका दमाईको उपचारकै क्रममा मृत्यु भएको अस्पतालले जनायो। जिल्ला अदालत मोरङको आदेशमा दलबहादुर ०८० वैशाख ७ गते पुर्पक्षका लागि मोरङ कारागारमा थिए। दमाइको शव पीडित परिवारले असार २७ गते बुझी सोही दिन पथरीशनिश्चरे नगरपालिका-३ स्थित घाटमा सद्गत गर्‍यो।

## गिरफ्तारी

**मोरङ**

विराटनगर महानगरपालिका-५ जामुनगाछीकी ५३ वर्षीया इन्दिरा चापाँगाईलाई प्रहरीले ०८० साउन १५ गते विराटनगर महानगरपालिका परिसरबाट गिरफ्तार

गऱ्यो। विराटनगर महानगरपालिका कार्यालयले चापाँगाईविरुद्ध साउन १५ गते अभद्र व्यवहार मुद्दामा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले अनुसन्धानका लागि चापाँगाई गिरफ्तार गरेको प्रहरीले जनायो। चापागाईलाई विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालालाई अभद्र व्यवहार गरेको आरोप महानगरपालिकाको मौखिक उजुरीका आधारमा गिरफ्तार गरेको प्रहरीले जनायो। चापागाईविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा साउन २३ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी वीरेन्द्र यादवको साउन २३ गतेको निर्णयले १ सय रुपियाँ जरिवाना गरेको सहायक प्रमुख जिल्ला अधिकारी प्रदीपकुमार साहले बताए। आरोपित सोही दिन जरिवाना तिरेर रिहा भइन्।

## अमानवीय व्यवहार

### धनकुटा

दोलखाको चरिकोट नगरपालिका-५ स्थायी घर भई निर्माण व्यवसाय गरिरहेका ४० वर्षीय प्रदीप कार्कीलाई ०८० असोज ९ गते धनकुटा नगरपालिका-१ हिलेमा काम गरिरहेका बेला मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा प्रहरीले धनकुटा नगरपालिका-७ हुलाक टोलका ४६ वर्षीय विज्ञान ओझालाई असोज १३ गते धनकुटाबाट गिरफ्तार गऱ्यो। हिलेमा निर्माणाधीन कवर्ड हलमा काम गर्दा घुस खाएको र मजदुरलाई ज्याला नदिएको आरोपमा लुइँटेललाई ०८० असोज ९ गते मोसो दलेर दुर्व्यवहार गरेको बहुमत पार्टीका धनकुटा संयोजक मोहन घलले बताए। घटनाका विषयमा असोज ११ गते मौखिक उजुरी आएका आधारमा असोज १३ गते आरोपितलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी कृष्ण प्रसाद कोइरालाले बताए। आरोपितविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा असोज १४ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गरेको छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## बाल अधिकार

## बेचबिखन तथा ओसारपसार प्रयास

### उदयपुर

त्रियुगा नगरपालिका- ११ की १५ वर्षीया बालिकालाई ०८० भदौ २४ गते प्रदेश नं. ३-०२-२२ प ५०१० नं. को मोटरसाइकलमा राखेर लहानहुँदै भारततर्फ बेचबिखनका लागि लैजान खोजेको आरोपमा पीडित पक्षले सिरहा, लहान नगरपालिका-१९ का २८ वर्षीय सतिशकुमार यादव र त्रियुगा नगरपालिका-१० का २७ वर्षीय अनिल शिवाविरूद्ध पीडित पक्षले भदौ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले सिरहा, लहान नगरपालिका-१९ का २८ वर्षीय सतिशकुमार यादवलाई भदौ २४ गते त्रियुगा नगरपालिका-६ डाँटबाट र त्रियुगा नगरपालिका-१० का २७ वर्षीय अनिल शिवालाई भदौ २६ गते बदर्स रेष्टुरेन्टबाट गिरफ्तार गऱ्यो। आरोपितद्वयविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज १८ गते मानव बेचबिखन तथा ओसारपसार र बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको असोज १९ गतेको आदेशले आरोपितद्धयलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ २४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## बलात्कार, यौन दुर्व्यवहार

### ताप्लेजुङ

१३ वर्षीया बालिकालाई ०८० भदौ २८ गते बलात्कार गरेको आरोपमा जिल्ला सप्तरी, महादेवा गाउँपालिका-२ स्थायी घर भइ हाल सिदिङ्वा गाउँपालिका-६ स्थिलत निलगिरी माध्यमिक विद्यालयमा शिक्षक पदमा कार्यरत ३५ वर्षीय लक्ष्मीप्रसाद शाहविरूद्ध पीडित पक्षले भदौ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २८ गते विद्यालयबाट नजिकबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको असोज २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ २८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### सङ्खुवासभा

आठ वर्षीया बालिकालाई ०८० असार १ गते यौन दुर्व्यवहार गरेको आरोपमा पाँचखपन नगरपालिका-६ का ५० वर्षीय गोविन्द श्रेष्ठविरूद्ध पीडित पक्षले भदौ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ १० गते पाँचखपन नगरपालिका-६ वानाबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ १० गते यौन दुवर्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको भदौ १५

गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागार खाँदबारी थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा ०८० भदौ ८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ

**सोलुखुम्बु**

१६ वर्षीया बालिकालाई ०८० साउन ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा महाकुलुङ गउँपालिका- २ का १५ वर्षीय बालक विरुद्ध पीडित पक्षले साउन १० गते गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन ११ गते घरबाटै गिरफ्तार गऱ्यो । प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा साउन २३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको साउन २९ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मामा रहने गरी साधारण तारेखमा रिहा गर्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ११ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८० असार २२ गते बलात्कार गरेको आरोपमा महाकुलुङ गाउँपालिका-४ गुदेलका २८ वर्षीय नविन्द्र विश्वकर्माविरूद्ध पीडित पक्षले साउन १ गते गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन २ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत् जिल्ला अदालतमा साउन २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको साउन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन २ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८० साउन २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा नेचासल्यान गाउँपालिका-२ सल्यानका ३० वर्षीय विक्रम राईविरूद्ध पीडित पक्षले साउन ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन ३२ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिलला अदालतमा भदौ १४ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको भदौ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण साउन ३२ गते जिल्ला अस्पतालमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२३ को जुलाई-सेप्टेम्बरसम्म)**

| | |
|---|---|
| बेचबिखन तथा ओसारपसार | १ |
| बलात्कार | २८ |
| यौन दुर्व्यवहार | ११ |
| जम्मा | ४० |

**ओखलढुङ्गा**

आठ वर्षीया बालिकालाई ०८० साउन ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा पिडित पक्षले सुनकोशी गाउँपालिका-८ च्यानमका ४० वर्षीय रामकृष्ण कार्कीविरुद्ध साउन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ५ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा साउन २९ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश टिकाराम आचार्यको साउन ३० गतेको आदेशले २० हजार रुपियाँ धरौटीमा माग गर्यो। आरोपित साउन ३० गते धरौटी बुझाएर रिहा भए। पीडितकोस्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ५ भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८० भदौ १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले मानेभञ्ज्याङ गाउँपालिका-२ का २६ वर्षीय विजय राईविरुद्ध भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १५ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज ४ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश टिकाराम आचार्यको भदौ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

६ वर्षीया बालिकालाई ०८० साउन २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा ऐसेलुखर्क गाउँपालिका-२ का १२ वर्षीय वालकविरूद्ध पीडित पक्षले साउन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २८ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ १५ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुवासबाबु पुरीको भदौ १५ गतेको इजलासले बालकलाई अभिभावकको जिम्मा लगाउन आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतलामा साउन २७ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**भोजपुर**

१५ वर्षीया बालिकालाई ०८० साउन २४ गते बलात्कार गरेको आरोपमा भोजपुर नगरपालिका-४ दावाका २१ वर्षीय सन्तोष राईविरूद्ध पीडित पक्षले साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपिलाई ०८० भदौ ८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असार ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मणिराम न्यौपानेको भदौ १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार नवराज कार्कीले बताए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा ०७९ चैत १६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

१६ वर्षीया बालिकालाई ०८० भदौ १७ गते बलात्कार गरेको आरोपमा पाखिबास नगरपालिका-८ मुगाका ६७ वर्षीय रंगलाल तामाङविरूद्ध पीडित पक्षले भदौ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ २३ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ २२ गते जिल्ला अस्पतालमा भयो। घटना अनुसन्धानमा रहेको र असोज १७ गतेसम्म मुद्दा दर्ता नभएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अनिलकुमार शाहले बताए।

**तेह्रथुम**

पाँच वर्षीया बालिकालाई ०८० असार २३ गते बलात्कार गरेको आरोपमा फेदाप गाँउपालिका-३ का १४ वर्षीय बालकविरूद्ध पीडित पक्षले असार २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २३ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा साउन १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलेका पोखरेलेको साउन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह विराटनगर पठायो। पीडितको स्वास्थ्य परीक्षण असार २३ गते जिल्ला अस्पतालमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

१५ वर्षीय बालिकालाई ०८० असार २९ गते बलात्कार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-५ स्थायी घर भइ झापाको विर्तामोड नगरपालिका-६ बस्दै आएका २६ वर्षीय सचिन अधिकारीविरूद्ध पीडित पक्षले असार २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १७ गते विर्तामोड नगरपालिका-६ बाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ ५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र थापाको भदौ ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार २९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८० साउन २९ गते बलात्कार गरेको आरोपमा मिक्लाजुङ गाउँपालिका-३ का ५० वर्षीय ग  ा राईविरूद्ध पीडित पक्षले साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ५ गते घरबाटै गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ ३१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको भदौ ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

१७ वर्षीया बालिका ०८० भदौ १ गते बलात्कार गरेको आरोपमा इलाम नगरपालिका-१० गोदकका १९ वर्षीय रोहित परियारविरुद्ध पीडित पक्षले भदौ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ १ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका

न्यायाधीश दीपककुमार दाहालको भदौ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० भदौ १२ गते बलात्कार गरेको आरोपमा माई नगरपालिका-८ का ६० वर्षीय तेजबहादुर राईविरुद्ध पीडित पक्षले भदौ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ २३ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत् जिल्ला अदालतामा असोज १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको असोज १३ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परिक्षण जिल्ला अस्पतालमा भदौ २२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० भदौ १२ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-४ अन्तुका २७ वर्षीय मिलन घिमिरेविरूद्ध पीडित पक्षले भदौ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ १९ गते घर नजिकैबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको असोज ८ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० साउन १२ गते बलात्कार गरेको आरोपमा इलाम नगरपालिका-२ का ६६ वर्षीय टङ्कबहादुर तामाङविरुद्ध पीडित पक्षले साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन ३२ गते घर नजिकै खेतबाट गिरफ्तार गर्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको भदौ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ३२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० साउन १९ गते बलात्कार गरेको आरोपमा देउमाई नगरपालिका-९ का २३ वर्षीय सुवास लिम्बुविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा साउन ३० गते उजुरी दियो। प्रहरीले आरोपितलाई साउन २९ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको भदौ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ३० गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० साउन ३१ गते बलात्कार गरेको आरोपमा इलाम नगरपालिका-२ सुम्वेकका ६६ वर्षीय हजुरबुबाविरूद्ध पीडित पक्षले साउन ३१ मौखिक र साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ३१ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २४ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार पोखरेलेको भदौ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। कार्त्तिक १९ गते साक्षी वकपत्र हुनेछ। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

१७ वर्षीया बालिकालाई ०८० असार १८ गते बलात्कार गरेको आरोपमा कनकाइ नगरपालिका-९ का २३ वर्षीय प्रभास राजवंशीविरुद्ध पीडित पक्षले साउन १५ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार १५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असार १५ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा भदौ ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भदौ ८ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार वीरेन्द्रकुमार बस्नेतले बताए।

१६ वर्षीया बालिकालाई ०८० असोज ९ गते बलात्कार गरेको आरोपमा ४२ वर्षीय बाबुविरुद्ध पीडित पक्षले असोज १७ गते जिल्ला प्रहरी कार्यालय, झापामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज १७ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असोज १७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असोज २५ गते हाडनाता

करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इश्वरमणी ओझाको असोज २६ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिँहले बताए।

१७ वर्षीया बालिकालाई ०८० असोज १३ गते बलात्कार गरेको आरोपमा शिवसताक्षी नगरपालिका-८ का ३२ वर्षीय केशवकुमार कुँवरविरुद्ध पीडित पक्षले असोज १६ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज १६ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असोज १६ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असोज २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इश्वरमणी ओझाको.असोज..२६ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिँहले बताए।

**मोरङ**

१४ वर्षीया बालिकालाई ०८० साउन २० गते बलात्कार गरेको आरोपमा लेटाङ नगरपालिका-५ का २३ वर्षीय युवराज महराविरूद्ध पीडित पक्षले साउन २७ गते इलाका प्रहरी कार्यालय, लेटाङमा उजुरी दियो। आरोपित प्रहरीले साउन २७ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश राजेशकुमार कटुवालको भदौ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा साउन २७ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**उदयपुर**

१६ वर्षीया बालिकालाई ०८० साउन १६ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-३ देवीधापका २१ वर्षीय मनिष दनुवार र कटारी नगरपालिका-२ कल्याणपुरका २१ वर्षीय सविन कुमरविरूद्ध पीडित पक्षले साउन १७ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। प्रहरीले आरोपितद्धयलाई साउन २१ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन १७ गते भयो। आरोपितद्धय विरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा ०८० भदौ ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद सुवेदीको भदौ १० गतेको इजलासले आरोपितद्धयसँग १-१ लाख रुपियाँ धरौटी माग गर्यो। आरोपितद्धय धरौटी बुझाउन नसकेर भदौ ८ गते पुर्पक्षका लागि थुनामा गए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०८० असार २७ गते बलात्कार गरेको आरोपमा चौदण्डीगढी नगरपालिका-५ बेल्हीका ६५ वर्षीय दुखीलाल चौधरीविरूद्ध पीडित पक्षले असार २८ गते इलाका प्रहरी कार्यालय, रामपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार २८ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा साउन १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको साउन १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

६ वर्षीया बालिकालाई ०८० असार १३ गते बलात्कार गरेको आरोपमा ताप्ली गाउँपालिका-३ दगलेका ३५ वर्षीय बाबुविरूद्ध पीडित पक्षले असार १६ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार १६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला असार १६ गते कटारी अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा ०८० साउन ५ गते जिल्ला हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद सुवेदीको साउन ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०८० साउन १५ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-१ पुरन्दहका २० वर्षीय मनोज शङ्करविरूद्ध पीडित पक्षले साउन १७ गते इलाका प्रहरी कार्यालय, रामपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन १७ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको भदौ ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

चार वर्षीया बालिकालाई ०८० साउन १५ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-३ हडियाका १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले साउन १६ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन १६ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण कटारी अस्पतालमा साउन १६ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद सुवेदीको भदौ १० गतेको इजलासले आरोपित बालकलाई बाल सुधार गृह, विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० भदौ ३० गते बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला, राजविराज नगरपालिका-३ का ३४ वर्षीय आसुतोष तिवारीविरूद्ध पीडित पक्षले भदौ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज १० गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ ३१ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको असोज २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० असोज १० गते बलात्कार गरेको आरोपमा खोटाङ, बराहपोखरी गाउँपालिका-५ का २० वर्षीय मिलन राईविरूद्ध पीडित पक्षले असोज १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ११ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असोज ११ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज २५ गते बलात्कार शीर्षकमा मुद्द दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको असोज २६ गतेको इजलासले आरोपितसँग ३० हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित असोज २६ गते धरौटी बुझाएर तारेखमा रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार**

**मोरङ**

२६ वर्षीया अविवाहित युवतीले विराटनगर महानगरपालिका-९ स्थित ग्रीनक्रस अस्पतालमा ०८० असार १४ गते जन्माएको एक दिने शिशुलाई बेचविखन गरेको आरोपमा पीडितले शिशुका बाबु भोजपुरको हतुवागढी गाउँपालिका-४ का २७ वर्षीय गोविन्द राई, शिशु बिक्री गरिएको घटनामा संलग्न रहेको आरोपमा विराटनगर महानगरपालिका-२ तीनपैनी घर भएका वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ ६८ वर्षीय डाक्टर तपेश्वरलाल कर्ण, डा. तपेश्वरसँग शिशु खरिद गरेर लैजाने मोरङको कटहरी गाउँपालिका-२ आदर्श टोलका ३० वर्षीय सूर्यनारायण राजवंशी, सिरहा घर भई विराटनगर-११ जनपथ टोल बस्ने ४० वर्षीया नीरु भनिने निर्मला यादव, मोरङको कटहरी-२ की ३३ वर्षीया सुधा भनिने शुक्री राजवंशी र ४७ वर्षीया दिलमनीदेवी राजवंशीविरूद्ध साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितमध्ये डा. तपेश्वर र गोविन्दलाई प्रहरीले भदौ १ गते र अरूलाई भदौ ५ गते विराटनगरबाट गिरफ्तार गर्‍यो। अनुसन्धानबाट डा. तपेश्वरले नि:शन्तान दम्पतीलाई ५ लाख रूपैयाँ शिशु बिक्री गरेको पत्ता लागेको प्रहरीले जनायो। गायव पारिएको ५४ दिनपछि प्रहरीले शिशुलाई मोरङको कटहरी-२ आदर्शकी टोलकी दिलमनीदेवीको घरमा ०८० भदौ ५ गते जीवितै उद्धार गरी आमालाई जिम्मा लगाएको आमा र हाल आमा ओरेक सेफ हाउसमा राखिएको छ। प्रहरीले आरोपितविरुद्ध व्यक्ति बेपत्ता पारेको कसूर, मानव बेचबिखन र संगठित अपराधमा मुद्दा चलाउनुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा असोज २२ गते बुझाएको थियो। तर, वकिल कार्यालयले मानव बेचबिखन र संगठित अपराधमा मुद्दा चलाएन। अपहरण र व्यक्ति बेपत्ता पारेको कसुरमा मात्रै असोज २३ गते मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतका न्यायाधीश अम्बिकाप्रसाद दाहालको असोज २४ गतेको इजलासले चिकित्सकसहित तीन जनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। अन्य तीन जनालाई धरौटीमा छाड्न आदेश गरेको छ। इजलासले शिशु बिक्री गरिएको घटनामा संलग्न रहेको अभियोगमा विराटनगर-२ तीनपैनी घर भएका वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ ६८ वर्षीय डा. तपेश्वरलाल कर्ण, शिशुका बाबु भोजपुरको हतुवागढी गाउँपालिका-४ का २७ वर्षीय गोविन्द राई र डा. तपेश्वरसँग शिशु खरिद गरेर लैजाने मोरङको कटहरी गाउँपालिका-२ आदर्श टोलका ३० वर्षीय सूर्यनारायण राजवंशीलाई थुनामा राख्न आदेश दिएको हो। जिल्ला अदालतका सूचना अधिकारी ओमराज सुवेदीले आदेशपछि तीनै जनालाई जिल्ला कारागार मोरङ चलान गरिएको बताए। मुद्दामा अभियुक्त बनाइएका सिरहा घर भई विराटनगर-११ जनपथ टोल

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२३ जुलाई–सेप्टेम्बरसम्म)**

| | |
|---|---|
| बलात्कार | ११ |
| घरेलु हिंसा | ७६ |
| यौन दुर्व्यवहार | २ |
| बहुविवाह | ९ |
| जम्मा | ९८ |

बस्ने ४० वर्षीया नीरु भनिने निर्मला यादव, मोरङको कटहरी-२ की ३३ वर्षीया सुधा भनिने शुक्री राजवंशी र ४७ वर्षीया दिलमनीदेवी राजवंशीलाई धरौटी रकम लिएर छाड्न अदालतले आदेश दियो। शुक्रीसँग २ लाख, निर्मलासँग १ लाख र दिलमनीदेवीसँग १० हजार रूपैयाँ धरौटी माग गरिएको सूचना अधिकारी सुवेदीले बताए। तीनै जना धरौटीवापतको रकम बुझाएर छुटेका छन्। संलग्न रहेको भन्दै ७ जनालाई गिरफ्तार गरी अनुसन्धान गरेपनि वकिल कार्यालयले अस्पतालका सञ्चालक कृष्णकुमार खवासविरुद्ध भने मुद्दा नचल्ने निर्णय गरेको थियो। अदालतको आदेशबाट कारागार चलान भएका गोविन्द राईसँगको शारीरिक सम्पर्कबाट गर्भवती भएकी २६ वर्षीया अविवाहित युवतीले असार १४ गते शिशु ( छोरी) जन्माएकी थिइन। बिहे गर्ने प्रलोभन देखाएर गर्भवती बनाएपछि गोविन्दले युवतीलाई बच्चा जन्माउने भनेर विराटनगर ल्याएको अनुसन्धानबाट खुलेको छ। ३५ हजार रुपियाँमा कुरा मिलेपछि डा.तपेश्वरले गर्भवती युवतीलाई ग्रीनक्रस अस्पताल लगेर प्रसूति गराएका थिए। 'नर्मल डेलिभरी' मार्फत छोरी जन्माए पनि युवतीले लैजान पाइनन् । अस्पतालले बिदा दिएपछि युवतीलाई प्रेमी गोविन्दले सुनसरीको इटहरी लिएर गएका थिए। सुनसरीको इटहरीस्थित एक होटलमा लगेर राखेपछि गोविन्दले छाडेर हिँडेको र जीवितै जन्माएको बच्चासमेत साथमा नभएको भनेर साउन ३२ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्।

**ताप्लेजुङ**

अपाङ्गता भएकी ३६ वर्षीया महिलालाई ०८० साउन ४ गते बलात्कार गरेको आरोपमा ११ वर्षीय बालकविरूद्ध पीडित पक्षले साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ६ गते घरबाटै गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमा जिल्ला अदालतमा साउन ६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको साउन १२ गतेको आदेशले बालकलाई भदौ १ गतेसम्मका लागि अभिभावकको जिम्मा लगाउन आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सङ्खुवासभा**

शारिरिक अपाङ्गता भएकी ४० वर्षीया महिलालाई ०८० असार २० गते बलात्कार गरेको आरोपमा सभापोखरी गाउँपालिका-२ का २२ वर्षीय जीवन कार्कीविरुद्ध पीडित पक्षले असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित कार्कीलाई असार २३ गते घरबाट गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असार २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको ०८० साउन ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागार खाँदबारी थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार २४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

३८ वर्षीया महिलालाई ०८० साउन ६ गते बलत्कार गरेको आरोपमा फिदिम नगरपालिका-२ का ३८ वर्षीय प्रेमबहादुर इङवाविरूद्ध पीडित पक्षले साउन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ८ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत् जिल्ला अदालतमा भदौ १ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायधीश टिकेन्द्र दाहालको भदौ ३ गतेको आदेशले आरोपितलाई

पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

१९ वर्षीया युवतीलाई ०८० भदौ १५ गते बलात्कार गरेको आरोपमा इलाम नगरपालिका-११ सोयाकका ४५ वर्षीया नरबहादुर राईविरुद्ध पीडित पक्षले भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ १८ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज ६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको असोज ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

६६ वर्षीया आमालाई ०८० असोज १३ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-२ लालीखर्कका २५ वर्षीय छोराविरूद्ध पीडित पक्षले असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असोज १४ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज २४ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको असोज २४ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असोज १३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया युवतीलाई ०८० असोज २ गते बलात्कार गरेको आरोपमा इलाम नगरपालिका-९ का ३३ वर्षीय प्रमेस पोखरेलविरूद्ध पीडित पक्षले असोज ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित पक्षको उजुरी लगत्तै फरार रहेका आरोपितलाई असोज १७ गतेको अन्त्यसम्म गिरफ्तार गर्न नसकेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर विजय राईले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असोज ३ गते भयो। हाल मुद्दा अनुसन्धानको प्रक्रियामा छ।

**झापा**

३७ वर्षीया महिलालाई ०८० साउन ६ गते बलात्कार प्रयास गरेको आरोपमा अर्जुनधारा नगरपालिका-११ का २५ वर्षीय अभिषेक तामाङविरुद्ध पीडित पक्षले साउन ७ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असार ७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा साउन २८ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भदौ २८ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार वीरेन्द्रकुमार बस्नेतले बताए।

३२ वर्षीया महिलालाई ०८० साउन ८ गते बलात्कार प्रयास गरेको आरोपमा गौरादह नगरपालिका-२ का ४९ वर्षीय चन्द्रबहादुर खड्काविरुद्ध पीडित पक्षले साउन १४ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन १४ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असार ७ गते दमक बजारबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा भदौ ११ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भदौ १२ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार वीरेन्द्रकुमार बस्नेतले बताए।

२९ वर्षीया महिलालाई ०८० साउन २८ गते बलात्कार प्रयास गरेको आरोपमा इलाम जिल्ला सन्दकपुर गाउँपालिका-२ स्थायी घर भइ मेचीनगर नगरपालिका-१३ का ४५ वर्षीय ज्ञानुप्रसाद मिश्रविरुद्ध पीडित पक्षले साउन २९ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार २९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असार २९ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा भदौ १७ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भदौ १८ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार वीरेन्द्रकुमार बस्नेतले बताए।

३५ वर्षीया महिलालाई ०८० भदौ २३ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-९ का ४२ वर्षीय तिलक श्रेष्ठविरुद्ध पीडित पक्षले भदौ २९ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई असार २९ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले

जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असोज १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ओमबहादुर सोडारीको असोज १८ गतेको आदेशले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गर्‍यो। आरोपित असोज १८ गते धरौटी बुझाएर रिहा भएको जिल्ला अदालतका श्रेस्तेदार वीरेन्द्रकुमार बस्नेतले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० साउन १८ गते बलात्कार गरेको आरोपमा मोरङ जिल्ला कानेपोखरी गाउँपालिका-३ स्थायी घर भइ दमक नगरपालिका-५ का ४३ वर्षीय मोहनबहादुर राईविरुद्ध पीडित पक्षले भदौ ४ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ ४ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई भदौ ४ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा भदौ २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश भदौ २८ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिँहले बताए।

२४ वर्षीया महिलालाई ०८० भदौ १५ गते बलात्कार गरेको आरोपमा बुद्धशान्ति गाउँपालिका-३ का ६५ वर्षीय होमबहादुर विश्वकर्माविरुद्ध पीडित पक्षले भदौ २२ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई भदौ २२ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असोज १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको असोज १५ गतेको आदेशले आरोपितसँग २ लाख ५० हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित असोज १५ गते धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिँहले बताए।

### उदयपुर

५५ वर्षीया महिलालाई ०८० साउन १ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-६ गडमेका ३५ वर्षीय जीवन भनिने डोलेन्द्र कार्कीविरुद्ध पीडित पक्षले साउन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २ गते घरबाटै गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा साउन २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायधीश न्यायाधीश कृष्णप्रसाद सुवेदीको साउन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० भदौ १० गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-१ बेलसोतका २५ वर्षीय जयबहादुर खपा िविरूद्ध पीडित पक्षले भदौ ११ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ११ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ ११ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज भदौ १८ गते बलत्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला न्यायाधीशका न्यायाधीश नवराज दुलालको असोज १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२८ वर्षीया महिलालाई ०८० भदौ १२ गते बलात्कार गरेको आरोपमा मोरङ, विराटनगर महानगरपालिका-१६ स्थायी घर भइ कटारी नगरपालिका-४ जहडी बस्ने ४२ वर्षीय दिनेश पण्डितविरूद्ध पीडित पक्षले भदौ १३ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रंहरीले भदौ १३ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १३ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा भदौ १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको भदौ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४० वर्षीय महिलालाई ०८० असार १६ गते बलात्कार गरेको आरोपमा चौदण्डीगढी नगरपालिका-३ आमसालका २१ वर्षीय छोराविरूद्ध पीडित पक्षले असार १६ गते इलाका प्रहरी कार्यालय, बेल्टारमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १६ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १७ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा ०८० असार २८ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको असार २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी

प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० साउन २० गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-८ उत्तराईटोलका २३ वर्षीय आकाश चौधरीविरूद्ध पीडित पक्षले साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २५ गते घरबाटै गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको भदौ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन २५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३४ वर्षीया महिलालाई ०८० भदौ २० गते बलात्कार गरेको आरोपमा सुनसरी, बराहक्षेत्र नगरपालिका-२ का ३१ वर्षीय राजेश तामाङविरूद्ध पीडित पक्षले भदौ २१ गते इलाका प्रहरी कार्यालय, रामपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २१ गते घरबाटै गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको असोज ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ २१ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२० वर्षीया युवतीलाई ०८० भदौ १५ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-२ भागलपुरका ४५ वर्षीय भवानीप्रसाद बास्तोलाविरूद्ध पीडित पक्षले भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १६ गते घरबाटै गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको असोज ८ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गर्यो। आरोपित असोज ८ गते धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## परिवारजनबाट हत्या

### ताप्लेजुङ

मैवाखोला गाउँपालिका-४ फाकुम्बाकी ७० वर्षीया ज्येष्ठ नागरिक धनमाया लिम्बुको घरायसी विवादका क्रममा ०८० साउन २९ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले ३३ वर्षीय छोरा डिल्लीकुमार लिम्बूलाई साउन २९ गते घटनास्थलबाटै गिरफ्तार गर्यो। आरोपितविरूद्ध मृतकका भाइ दिवश वनेमले साउन ३० गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा भदौ २० गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको भदौ २० गतेको इजलासले आरोपितको स्वास्थ्य जाँचका लागि आदेश दियो। भदौ २२ गते आरोपितको स्वास्थ्य वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरिएपछि मानसिक सन्तुलन ठिक नभएकाले मुद्दा नचल्ने निर्णय भएको अदालतका श्रेस्तेदार मनोज बरालले बताए। शवको पोष्ममार्टम जिल्ला अस्पतालमा साउन ३० गते भयो। मैवाखोला गाउँपालिका-४ फाकुम्बामा पीडित पक्षले साउन ३० गते सद्गत गऱ्यो।

### तेह्रथमु

आठराई गाउँपालिका-१ संक्रान्तिकी २४ वर्षीया रेशिका श्रेष्ठ (दमन्ता) को घरायसी विवादक्रममा ०८० साउन १४ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले २६ वर्षीय पति राजकुमार श्रेष्ठविरुद्ध साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले झापाको काँकडभिट्टामा रहेको एक होटलमा लुकीछिपी बसेको अवस्थामा साउन २७ गते गिरफ्तार गऱ्यो। घरायसी विवादपछि ०८० साउन १४ गते पत्नीले घर छोडेर हिँडेको र खोजी गरीदिन आग्रह गर्दै राजकुमारले जिल्ला प्रहरी कार्यालयमा साउन २४ गते निवेदन दिएका थिए। पत्नीको खोजी गरीदिन पतिले निवेदन दिएपछि खोजीका क्रममा साउन २७ गते रेशिका श्रेष्ठको शव आफ्नै घर नजिकै गाडिएको अवस्थामा भेटियो। निवेदनलगत्तै घर छोडेर हिँडेका राजकुमार अनुसन्धानका लागि प्रहरीले काँकडभिट्टाको एक होटलमा साउन २७ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा साउन २८ गते गरियो। सोहीदिनपीडित पक्षले शव बुझी आठराई गाउपालिका-१ सक्रान्तिमा घाटमा सद्गतगऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा भदौ १७ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीशप्रमेश पोखरेलेको भदौ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

माइ नगरपालिका-३ की २३ वर्षीया अमृता खातीलाई ०८० असार १८ गते घरायसी विवादका क्रममा ३९ वर्षीय जेठाजु सन्तोष खातीले खुकुरी प्रहार गरी हत्या गरेको पीडित पक्षले आरोपितविरूद्ध असार १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जेठाजुको खुकुरी प्रहारबाट गम्भीर घाइते भएकी अमृताको झापाको विर्तामोडस्थित वि एण्ड सी अस्पतालमा उपचारका क्रममा असार १९ गते मृत्यु भयो। पीडित पक्षको उजुरीलगत्तै फरार भएका आरोपितको खोजी भइरहेको र यो महिनाको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो। शवको पोष्टमार्टम मेची अस्पतालमा असार १९ गते भयो। पीडित पक्षले असार १९ गते शव बुझी माइ नगरपालिका-३ मा सद्गत गर्‍यो। घटना अनुसन्धानमा रहेको छ।

माइजोगमाइ गाउँपालिका-२ टारसिंहकी ५२ वर्षीया राधिका खतिवडालाई घरायसी विवादका क्रममा ०८० असार २१ गते खुकुरी प्रहार गरी हत्या गरेर ५५ वर्षीय पति पिताम्वर खतिवडाले असार २१ गते आत्महत्या गरेको प्रहरीले जनायो। अंशसम्बन्धी विवादका क्रममा पिताम्वरले पत्नीलाई खुकुरी प्रहार गरी हत्या गरेको हुन सक्ने प्रहरी चौकी गोर्खेका असइ मदन बस्नेतले बताए। घटनास्थलको प्रकृति हेर्दा हत्यापछि लासलाई घरनजिकैको रुखमा झुण्ड्याएर पिताम्वरले झुण्डिएर आत्महत्या गरेको जस्तो देखिएको असइ बस्नेतले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा असार २२ गते भयो। सोही दिन पीडितका आफन्तले दुवै शवलाई माइजोगमाइ गाउँपालिका-२ स्थित घाटमा सद्गत गरे।

सूर्योदय नगरपालिका-२ सयपत्री टोलकी ४५ वर्षीया डम्वरकुमारी तामाङको घरायसी विवादका क्रममा ०८० साउन २२ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पाँचथरको फिदिम नगरपालिका-४ जोरसाल स्थायी घर भई सूर्योदय नगरपालिका-२ सयपत्री टोलमा बस्दै आएका ५० वर्षीय पूर्णबहादुर तामाङविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई प्रहरीले सूर्योदयन गरपालिका-२ स्थित लालीखर्क ज   लमा लुकेर बसेको अवस्थामा साउन २३ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा भदौ २ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका दीपककुमार पोखरेलको भदौ २ को आदेशले आरोपित पुर्पक्षका लागि थुनामा गए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा साउन २३ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी हिलिहा गाउपालिका-७ तम्फुवामा साउन २३ गते गर्‍यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**मोरङ**

बुढीगङ्गा गाउँपालिका-३ स्थित दुर्गाचन्द्र राईसमिल नजिक ०८० असार १८ गते सुनसरी दुहवी नगारपालिका ७ की २५ वर्षीया पत्नी रेखा भगतलाई खुकुरी प्रहार गरी घाइते बनाएको आरोपमा पति स्थायी ठेगाना भारत आसाम भएका ३७ वर्षीय भवेन्द्र डेकालाई प्रहरीले २०८० असार १८ गते मोरङको बुढीगंगाबाट गिरफ्तार गऱ्यो। पतिले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको आरोपमा स्थानीयले असार १८ गते प्रहरीलाई मौखिक उजुरी गरेपछि पुगेको प्रहरी टोलिले घटनास्थलबाटै डेकालाई गिरफ्तार गऱ्यो । आरोपित डेका भारतको आसाम घर भई हाल सुनसरीको दुहबी नगरपालिका-७ भलुवामा रहेको ससुराली घर बस्दै आएका थिए। खुकुरी प्रहारबाट घाइते रेखाको बुढीग ास्थित विराट मेडिकल कलेजमा उपचार भयो। पारिवारिक विवादका कारण घटना भएको मोरङका डिएसपी रञ्जन दाहालले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा ०८० साउन ११ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश अम्बिकाप्रसाद दाहालको साउन १२ गतेको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

दाइजो कम भएको आरोपमा इनरूवा नगरपालिका-३ की २३ वर्षीया निकिता चौधरीको ०८० भदौ ३१ गते घाँटी थिचेर हत्या गरेको आरोपमा माइती पक्षले ३२ वर्षीय पति नागेन्द्र भगतविरूद्ध भदौ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ३१ गते घरबाट गिरफ्तार गर्‍यो। ०७८ मङ्सिर महिनामा दिदीको मागी विवाह गरिदिएको र विवाहको बेला नगद ३५ लाख रुपियाँ, १० तोला सुन र ८० तोला चाँदी दाइजो दिएको मृतकका भाइ राकेशले बताए। शवको पोष्टमार्टम कोशी अस्पताल विराटनगरमा असोज १ गते भयो। पीडित पक्षले शव बुझी इनरूवा नगरपालिका-३ स्थित घाटमा असोज १ गते सद्गत गर्‍यो। हाल मुद्दा अनुसन्धानको क्रममा छ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**
**सम्पती क्षती**
**मोरङ**

विराटनगर महानगरपालिका-१४ स्थित डिग्री क्याम्पस परिसरमा पार्किङ गरी राखेको बा १७ च ८२३८ नम्बरको त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकको गाडीमा ०८० असोज ३ गते विद्यार्थीहरूले आगजनी गरेको प्रहरीले जनायो। स्नातक तहकी विद्यार्थी सन्ध्या कायस्थको थप कपी निकाली सोही क्याम्पसका प्राध्यापक राजन दत्तकी छोरी आस्था दत्तको कपीमा अट्याच गराएर पास गराएको आरोप लगाउँदै विद्यार्थीहरूले परीक्षा नियन्त्रकको गाडीमा आगो लगाएको प्रहरीको भनाइ छ। आगलागीका कारण गाडी पूर्णरूपमा जल्दा ४२ लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो। गाडी जलाएको आरोपमा ०८० असोज १७ गतेसम्म कसैलाई गिरफ्तार नगरिएको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी रञ्जन दाहालले बताए।


*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**कोशी प्रदेशद्वारा प्रकाशित**
**सल्लाहकार** : सोमराज थापा, **संयोजन/सम्पादन** : पुण्यप्रसाद अधिकारी


बिराटनगर महानगरपालिका–११ जनपथटोल, मोरङ, फोन : ०२१–४७१०२५, ४७११२७, फ्याक्स : ०२१–४७१५२१
Email: biratnagar@insec.org.np, Website: www.inseconline.org